प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : २९३ ॥ २०८१ मंसिर २९ गते शनिबार (14th Dec 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-


## लिलामीमा बिक्न छाड्यो घरजग्गा

झापा(प्रस) ।बैंक तथा वित्तीय संस्थाहरूको गैर-बैंकिङ सम्पत्ति बढेर ३८ अर्ब नाघेको छ । चालू आर्थिक वर्षको पहिलो ४ महिनामा बैंक तथा वित्तीय संस्थाहरूको गैर-बैंकिङ सम्पत्ति बढेर ३८ अर्ब २६ करोड ११ लाख रुपैयाँ पुगेको हो ।नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको चार महिनामा बैंक तथा वित्तीय संस्थाहरूको गैर-बैंकिङ सम्पत्ति २ अर्ब ७५ करोडले बढेको छ ।

बैंकको मुख्य र शाखा कार्यालय रहेको घरजग्गा आदि बैंकिङ सम्पत्ति हो भने धितो सकारेको सम्पत्तिलाई गैर-बैंकिङ सम्पत्तिको रूपमा लिन सकिन्छ ।

अर्थात्, बैंक तथा वित्तीय संस्थाहरूले नउठेको कर्जाको धितो लिलामी बिक्री नभएमा आफैंले सकार्छन् ।यसरी सकारेको सम्पत्ति नै गैर-बैंकिङ सम्पत्ति हो । सकारेपछि पनि यस्तो सम्पत्ति सकेसम्म चाँडै बिक्री गर्नुपर्ने नियम छ । गैर-बैंकिङ सम्पत्ति सकार गरेकै समयबाट बैंकहरूले यसको जोखिमभारका रूपमा शतप्रतिशत प्रोभिजन गरेर राख्नुपर्ने हुन्छ ।

गत आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूसँग ३५ अर्ब ५० करोड ९२ लाख रुपैयाँ बराबरको गैर-बैंकिङ सम्पत्ति थियो, जुन चालू आर्थिक वर्षको कात्तिक अर्थात् चार महिनामा ३८ अर्ब २६ करोड ११ लाख रुपैयाँ पुगेको छ ।

बैंकहरूले निजी क्षेत्रमा प्रवाह भएको कर्जा असुली गर्न सकिरहेका छैनन्, जसले गर्दा बैंकहरूको गैर-बैंकिङ सम्पत्ति बढिरहेको छ । चालू आर्थिक वर्षको शुरूवातदेखि बैंकहरूको निक्षेप बढ्दै गएको छ भने कर्जा प्रवाह न्यून छ । विगतमा प्रवाह भएको कर्जाबाट नियमित सावाँब्याज उठ्न नसक्दा निष्क्रिय कर्जा बढ्दै गएको देख्न सकिन्छ । बैंकहरूको निष्क्रिय कर्जा उच्चरूपमा बढ्दै जाँदा त्यसको असर गैर-बैंकिङ सम्पत्तिमा परेको छ ।

बढ्दै गएको गैर-बैंकिङ सम्पत्तिले तनाव बढेको एक बैंकका सीईओले बताए । धितो लिलामीका सूचनाहरू निरन्तर सार्वजनिक भएपनि जग्गा बिक्री नभइरहेको उनको भनाइ छ ।

'बारम्बार सूचना जारी गर्दा पनि कसैले इन्क्वायरी समेत नगरेको अवस्था छ,' उनले भने, 'बैंकहरूलाई गैर-बैकिङ सम्पत्तिले सताइरहेको यथार्थ हो ।'

विगतमा बैंकहरूको खराब कर्जा (एनपीएल) बढेका कारण गैर-बैंकिङ सम्पत्तिमा वृद्धि हुन पुगेको हो । अर्थतन्त्रमा देखिएको समस्याको प्रभावस्वरूप ऋणीहरूले समयमा कर्जा तिर्न सकेका छैनन् ।

ऋणीहरूले समयमा कर्जाको साँवाब्याज तिर्न नसकेपछि धितोका रूपमा राखिएको घरजग्गा, सुनलगायत सम्पत्तिहरू बैंकले लिलामीमा राख्दै आएका छन् । तर, पनि धितो लिलाम बिक्री हुन नसक्दा बैंकहरू आफैं सकार्न बाध्य छन् । यसरी गैर-बैंकिङ सम्पत्ति बढ्दै गइरहेको देखिन्छ ।

आर्थिक वर्ष २०७७/७८ मा बैंक तथा वित्तीय संस्थाहरूको यस्तो सम्पत्ति ७ अर्ब ६९ करोड ३४ लाख रहेको थियो, जुन आर्थिक वर्ष २०७८/७९ मा ३६ प्रतिशतले बढेर १० अर्ब ५२ करोड १३ लाख रुपैयाँ पुगेको थियो ।

त्यस्तै, आर्थिक वर्ष २०७९/८० यस्तो सम्पत्ति ७७ प्रतिशतले बढेर १८ अर्ब ६८ करोड ८५ लाख रुपैयाँ पुगेको थियो ।

र, आर्थिक वर्ष २०८०/८१ मा गैर-बैंकिङ सम्पत्ति बढेर ३५ अर्ब ५० करोड ९२ लाख रुपैयाँ पुग्यो, जुन चालू आर्थिक वर्षको शुरूआतदेखि निरन्तर बढ्दै गइरहेको छ ।

## मूल्यवृद्धि दर फेरि बढ्न थाल्यो

झापा (प्रस)एक वर्षयता मध्यम बिन्दुमा रहेको उपभोक्ता मूल्यवृद्धि दर फेरि उकालो लाग्न थालेको छ।

नेपाल राष्ट्र ब्यांकले सार्वजनिक गरेको चालू आर्थिक वर्षको पहिलो चार महिना (कात्तिक मसान्तसम्म)को तथ्यांकले कात्तिकमा मूल्यवृद्धि दर ५.६ प्रतिशत पुगेको देखाएको छ। यो पछिल्लो एक वर्षयताकै उच्च मूल्यवृद्धि दर हो।

गत असारमा मूल्यवृद्धि दर न्यून बिन्दु ३.५७ प्रतिशतमा ओर्लिएको थियो। असारयता क्रमशः बढिरहेको मूल्यवृद्धि दर असोजमा ४.८२ प्रतिशत पुगेको थियो। मंसिरमा फेरि यो बढेको हो।

दुई वर्ष उच्च बिन्दुमा रहेको मूल्यवृद्धि दर गत वर्षदेखि क्रमशः घटिरहेको थियो। तर फेरि यो बढ्ने संकेत देखा परेको छ।

अघिल्लो वर्षको सोही अवधिका तुलनामा यो वर्ष वस्तु र सेवाको बजार मूल्य कति बढ्यो भन्ने गणना गरेर केन्द्रीय ब्यांकले मूल्यवृद्धिको दर निकाल्छ। यो सयौं वस्तुको मूल्यको थपघटको औसत तथ्यांक हो। मूल्यवृद्धि दर ५ प्रतिशत भयो भन्नुको अर्थ एक वर्षअघि कुनै सामानलाई १०० रुपैयाँमा किन्न सकिन्थ्यो भने अहिले त्यही सामान किन्न १०५ रुपैयाँ तिर्नुपर्छ भन्ने बुझिन्छ।

केन्द्रीय ब्यांकका अनुसार कात्तिकमा खाद्य तथा पेयपदार्थ समूहमा सबैभन्दा धेरै मूल्यवृद्धि भएको छ। यो समूहको मूल्यवृद्धि दर ९.१ प्रतिशत छ। खाद्य तथा पेयपदार्थ समूहको उच्च मूल्यवृद्धिले न्यून आय भएका घरपरिवार बढी मर्कामा पर्छन्। किनभने न्यून आम्दानी गर्ने घरपरिवारको आम्दानीको अधिकांश हिस्सा खानेकुरामा खर्च हुन्छ।

खासगरी, तरकारीको मूल्य एक वर्षअघिका तुलनामा एकतिहाइले उच्च हुन पुगेको तथ्यांकले देखाएको छ। कात्तिकमा तरकारीको मूल्य ३३.९९ प्रतिशत तथा दाल तथा गेडागुडीको मूल्य १०.७८ प्रतिशतले बढेको छ। त्यसैगरी, खाद्य तथा खाद्यजन्य पदार्थको मूल्य १०.१५ प्रतिशत र घ्यू तथा तेलको मूल्य ९.२ ९ प्रतिशतले बढेको छ।

यद्यपि मरमसलाको मूल्य १.४१ प्रतिशतले, चिनी तथा चिनीजन्य पदार्थको मूल्य १.२८ प्रतिशतले र माछा तथा मासुको मूल्य ०.०२ प्रतिशतले घटेको छ।

कात्तिकमा गैरखाद्य तथा सेवा समूहको मूल्य ३.६५ प्रतिशतले मात्रै बढेको छ। कात्तिकमा मदिराजन्य पेयपदार्थको मूल्य ६.३५ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको मूल्य ४.५७ प्रतिशत र सुर्तीजन्य पदार्थको मूल्य ४.२४ प्रतिशतले बढेको छ। यद्यपि निर्माण सामग्रीको मूल्य ४.६२ प्रतिशतले घटेको छ। कात्तिकमा सबैभन्दा धेरै कोशीमा ७.१९ प्रतिशतले तथा सुदूरपश्चिममा ६.७५ प्रतिशतले मूल्य बढेको छ भने सबैभन्दा थोरै मूल्यवृद्धि गण्डकी प्रदेशमा ४.६९ प्रतिशत छ।

कात्तिकमा थोक मूल्यवृद्धि ५.१६ प्रतिशत रहेको देखिएको छ। थोक मूल्यवृद्धि उच्च हुनुले आगामी महिनाहरूमा पनि मूल्य बढ्ने जोखिम देखिन्छ।

## झापामा स्रोत नखुलेको रकमको ठूलो कारोबार

झापा(प्रस) । झापामा स्रोत नखुलेको रकमको ठूलो कारोबार भइरहेको खुलेको छ । नेपाली , भारतीय रुपैयाँदेखि अमेरिकी डलरसम्मको कारोबार भइरहेको विभिन्न घटनाले देखाएको छ । कारोबारीहरुले भरियामार्फत त्यस्तो कारोबार गर्ने गरेको पाइएको हो । बिहीवार २९ हजार ७०० अमेरिकन डलरसहित गौरादह नगरपालिका-५ बस्ने २५ वर्षीय मोहम्मद नौसाद मिया पक्राउ परेका थिए । उनले सो रकम आफ्नो नभएर आफूले झोला चेकजाँच गर्दा स्रोत नखुलेको अमेरिकन डलर १०० दरका २९७ थान २९,७०० ( नेपाली दररेट १ डलरको १३५.८२ अनुसार रु.४०,३३,८५४) फेला परेको हो । उनलाई स्रोत नखुलेको रकमसहित पक्राउ गरी कार्वाहीका लागि राजश्व कार्यालय इटहरी पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । यसअघि मंसिर १६ गते झापा गाउँपालिका ५ खाताबस्ती पुलमा सशस्त्र प्रहरीको टोलीलाई देखेर एक



भरियाको काम गरिदिएको बताएका छन् । दमकको पूर्व बसस्टेन्डमा प्रहरी टोली देखेर मिया प्रदेश १-०२-००१ ख ९५३० नम्बरको यात्रुवाहक बस चढेर भागेका थिए ।

दमकबाट पूर्वका लागि छुटेको सो बसलाई दमक प्रहरीका प्रहरी नायव उपरीक्षक निशान थापाको कमान्डमा खटिएको प्रहरी टोलीले पछ्याउँदै कमल गाउँपालिका -३ केर्खा चोकस्थित पूर्वपश्चिम राजमार्गमा रोकेको थियो । बसमा चढेर भागेका मियाले बोकेको कालो

व्यक्ति ५ लाख ५० हजार नेपाली रुपैयाँ भएको झोला छोडेर भागेका थिए । उता तीन दिनअघि मोरङको रंगेली नगरपालिका-८ दर्वेसाकी ६५ वर्षीया ज्योतिदेवी अग्रवालले घरमा अवैध रकम राखेको छ भन्ने बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीको टोलीले उनको घर कोठा खानतलासी गर्दा टिनको बाकसमा राखेको स्रोत नखुलेको एक हजार र पाँच सय दरका नेपाली रुपैयाँ ४७ लाख ४९ हजार बरामद भएको थियो ।

## साढे ११ लाख बढीको सामानसहित सवारीसाधन नियन्त्रणमा

झापा(प्रस) । सशस्त्र प्रहरी बलले साढे ११ लाख बढीको स्पोर्टस् सुज र छालाको बेल्टसहित एउटा सवारीसाधन नियन्त्रणमा लिएको छ । शुक्रवार बिहान ८:२० बजे सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म भद्रपुरले भद्रपुर नगरपालिका ८ हडिया भद्रपुर-५ भन्सार चोकमा डब्लुबी ५२ जी ९४१८ नम्बरको भारतीय सुजुकी कारलाई शंका लागेर रोक्ने संकेत गर्दा नरोकी भाग्ने क्रममा उक्त कारलाई पिछा गर्दा भद्रपुर-८ स्थित हडिया चिया बगानमा कार छाडी चालक फरार भएका थिए । कारलाई चेकजाँच गर्दा काँकडभिट्टामा बुझाइएको छ । सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म भद्रपुरबाट सशस्त्र प्रहरी निरीक्षक चेतन बाह्रकोटीको कमाण्डमा खटिएको ७ जनाको मोबाइल गस्ती टोलीले उक्त सामान बरामद गरेको सशस्त्र प्रहरी बल, नेपाल नं २ गण हेडक्वाटर झापाका



चिया बगान इलाकामा सवारीसाधनसहित ११ लाख ७१ हजार १ सय बराबरको अवैध स्पोर्टस् सुज र छालाको बेल्ट बरामद गरेको हो ।

भारतबाट अवैध रुपमा भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा उक्त कारमा फल्स होल बनाई लुकाएको अवस्थामा ६० जोर फुटबल सुज, ४० थान छालाको बेल्ट र लाईटर बरामद भएको थियो । बरामद गरिएको सामान तथा सवारीसाधनलाई आवश्यक कारबाहीका लागि मेची भन्सार कार्यालय सूचना अधिकारी एवं निमित्त कार्यालय प्रमुख, सशस्त्र प्रहरी नायव उपरीक्षक मदनकुमार रसाईलीले जानकारी दिए ।

चालु आर्थिक वर्ष २०८१/०८२ को साउन १ देखि मंसिर २७ गतेसम्म ५ करोड ८५ लाख ३ हजार ८ सय रुपैयाँ बराबरको अवैध सामान बरामद गरिसकेको रसाईलीले जानकारी दिए। उनका अनुसार साउनमा १ करोड २८ लाख २६ हजार ४३ रुपैयाँ, भदौमा १ करोड ३८ लाख ५३ हजार ३ सय ३ रुपैयाँ, आश्विनमा ८७ लाख ६८ हजार ८ सय ८० रुपैयाँ, कात्तिकमा १ करोड ४ लाख ८६ हजार २ सय ७ रुपैयाँ र मंसिर महिनाको २७ गतेसम्म १ करोड २४ लाख ८८ हजार ४ सय ५७ रुपैयाँबराबरको सामान बरामद भएको छ । 'सूचनाको आधारमा र नियमित चेकजाँच गर्दा भन्सार छलेर ल्याउँदै गरेको सामान भेटिएको हो ।

मुख्य भन्सार नाकाबाट पनि ल्याउँछन् ' उनले भने, 'कतिपयले गाडीमा लुकाएर, केहीले शरीरमा लुकाएर ल्याउँछन्, कतिले हाम्रो आँखा छलेर अघि बढिसक्दा समेत भित्री इलाकासम्म पुगेर नियन्त्रणमा लिएका छौं ।'मुल भन्सार कार्यालयको सुरक्षा तथा चोरी तस्करी नियन्त्रणका लागि खटिएको सशस्त्र प्रहरीको टोलीले झापाका बिभिन्न स्थानमा नियमित चेकजाँच गर्ने गरेको छ भने मोबाइल टोली परिचालन गरेर रात्री गस्तीसमेत गर्ने गरेको छ।

## शिवाकोटीलाई थप पाँच दिन हिरासतमा राख्न अनुमति



झापा(प्रस) । घरेलु कामदारको रुपमा राखिएकी १६ वर्षीया नाबालिकालाई पटक पटक जबरजस्ती करणी (बलात्कार) गरेको आरोपमा पक्राउ परेका बिर्तामोड नगरपालिकाका पूर्व नगरप्रमुख ध्रुवकुमार शिवाकोटीलाई थप पाँच दिन हिरासतमा राख्न झापा जिल्ला अदालतले अनुमति दिएको छ ।

चार दिनको म्याद सकिएर शुक्रवार थप म्यादका लागि शिवाकोटीलाई जिल्ला अदालत लगिएको थियो । प्रहरीको अनुसन्धान नसकिएकाले अदालतले पाँच दिनको थप म्यादको अनुमति दिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

यसअघि अदालतले शिवाकोटीलाई बलात्कार आरोपमा अनुसन्धान गर्न चार दिन हिरासतमा राख्न अनुमति दिएको थियो । इलाका प्रहरी कार्यालय बिर्तामोडले शिवाकोटीलाई मंसिर २५ गते पक्राउ गरेको हो ।

आफ्नै घरमा राखेको नाबालिकालाईपटक पटक करणी गरेको आरोपमा बिर्तामोड नगरपालिकाका पूर्वमेयर शिवाकोटी पक्राउ परेका हुन् ।

करिब ८ बर्ष अघिदेखि शिवाकोटीको बिर्तामोड-५ स्थित घरमा घरेलु कामदारका रुपमा काम गर्दै आएकी १७ बर्षिया नाबालिकालाई शिवाकोटीले पटकपटक करणी गरेको प्रहरीसँगको बयानमा खुलेको छ ।

बाबुको मृत्यु भएपछि ती किशोरी बिर्तामोडस्थित एक आफन्तकोमा बस्दै आएकी थिइन् । शिवाकोटीका टाढाका आफन्त पर्नेका घरमा बस्दै आएकी किशोरीलाई आफ्नो घरमा राखेर पढाउने भनेर शिवाकोटीले लिएर गएका थिए ।

बाबुको मृत्यु भएपछि काँकडभिट्टामा रहेका आफन्तकोमा बस्दै आएकी उनकी आमाले पनि दोस्रो विवाह गरेकी छन्। दोस्रो विवाह गरेर उनी भारतको आसाममा बस्दै आएकी छन् ।

स्थानीय एक बिद्यालयमा ११ कक्षामा अध्ययनरत रहेकी उनलाई शिवाकोटीले पटक पटक करणी गरेको बताइएको छ । शिवाकोटीको शारीरिक शोषण सहन नसकेकी उनी भागेर भारतको आसाम जान लागेकी थिइन् । काँकडभिट्टा गेटमा शंकास्पद रुपमा भारत जान लागेकी उनलाई माइती नेपालका प्रतिनिधिले रोकेर सोधपुछ गरेका थिए । संस्थाका एक प्रतिनिधिका अनुसार स्कुल ड्रेसमा रहेकी उनी फेरि त्यहि घरमा जानुपर्छ भनेर अतालिएकी थिइन्। फकाएर सोधीखोजी गर्दा शिवाकोटीको कर्तुतका बारेमा खुलेको उनले जानकारी दिए ।

सोधपुछका क्रममा शिवाकोटीको जवरजस्ती करणी गर्ने गरेका कारण नेपालमा बस्न नसकेको प्रतिक्रिया दिएकी थिइन् । त्यसपछि प्रहरीले शिवाकोटीलाई नियन्त्रणमा लिएको हो । पीडित किशोरीकी हजुरआमाले इलाका प्रहरी कार्यालय बिर्तामोडमा पनि उजुरी दिएका छन् ।

२०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमाले पार्टीबाट प्रतिनिधित्व गर्दै उनी बिर्तामोड नगरपालिकामा निर्वाचित भएका थिए ।

# झापामा नौ सय ३७ मेट्रिक टन कोदो उत्पादन

झापा(प्रस) । झापा जिल्लामा यसवर्ष नौ सय ३७ दशमलव ६७ मेट्रिक टन कोदो उत्पादन भएको छ ।

कृषि ज्ञान केन्द्र झापाका अनुसार सात सय २६ दशमलव ८८ हेक्टर क्षेत्रफलमा उक्त परिमाणमा कोदो उत्पादन भएको हो । यस वर्ष प्रतिहेक्टर एक दशमलव २९ मेट्रिक टनका दरले कोदो उत्पादन भएको ज्ञान केन्द्रका सूचना अधिकारी चेतराज भण्डारीले बताए । उनका अनुसार अधिंकाश स्थानीय तहले कोदो उत्पादनका लागि अनुदान दिएका छन् ।



भद्रपुर नगरपालिकाले परम्परागत बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत यसवर्ष कोदो खेतीका लागि दुई सय ५१ कठ्ठा क्षेत्रफलमा प्रतिकठ्ठा रु एक हजारका दरले प्रोत्साहनस्वरुप किसानलाई अनुदान दिएको नगरपालिकाको कृषि शाखाका अधिकृत सुमन विमलीले बताए ।

कोदो जस्ता बालीले हाम्रो परम्परा, संस्कार र पहिचान संरक्षण हुनाका साथै किसानको आयआर्जनमा सहयोग पुग्ने भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखेलले बताए । रैथाने बाली प्रवर्द्धन कार्यक्रमले कृषिमा विविधता ल्याउने मात्र नभई स्थानीय समुदायको जीवनस्तर सुधार गर्न योगदान पुऱ्याउने उनको भनाइ छ । नगरपालिकाले आगामी वर्षमा कोदो खेतीको क्षेत्रफल विस्तार गर्दै प्रविधि हस्तान्तरण र उत्पादन वृद्धि गर्ने लक्ष्य लिएको छ ।

# श्रीमतीको हत्या आरोपमा श्रीमान् पक्राउ



झापा(प्रस) ।सुनसरीको धरानमा श्रीमतीको हत्या गरेको आरोपमा श्रीमान् पक्राउ परेका छन्।

धरान उपमहानगरपालिका-२ पुरानो बजार डेरा गरी बस्ने भोजपुर अरूण गाउँपालिका-६ जरायोटारका ३७ वर्षीय अमृत रसाइलीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको हो। उनले २८ वर्षीया श्रीमती सम्झना रसाइलीको हत्या गरेको आरोप छ। अमृतले वादविवादको क्रममा खुकुरी प्रहार गर्दा सम्झनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

हत्याको खबरपछि इलाका प्रहरी कार्यालय धरानबाट प्रहरीको टोली खटिएको थियो । प्रहरीले थप अनुसन्धान अघि बढाएको छ।

# आगलागीबाट ३ विगाहको धानको कुन्यू नष्ट

झापा(प्रस) । शुक्रवार साँझ झापाको गौरीगञ्जमा आगलागी हुँदा ३ विगाह खेतको धानको कुन्यू जलेर नष्ट भएको छ । साँझ ६ बजेतिर गौरीगञ्ज गाउँपालिका वडा नम्बर ४ बारासुतीमा कदमगाछी बस्ने सहदेव भनिने श्रीदेव राजवंशीको ३ विगाह खेतको धानको कुन्यूमा अचानक आगलागी भएको हो । आगलागीबाट अन्दाजी ३ लाख मूल्यबराबरको क्षति भएको छ । प्रहरी चौकी खजुरगाछी र इलाका प्रहरी कार्यालय गौरीगञ्जबाट खटिएको प्रहरी टोली ,स्थानीयबासी र गौरादह नगरपालिकाको दमकलको सहयोगमा साँझ ६:५० बजे आगो पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।


## लिटल सनसाइन इङ्लिस स्कुल प्रा. लि.

बिर्तामोड -५ ,झापा

## नाम परिवर्तनको सूचना

**कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/०८/१६ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको बिराट -अर्जुन इङलिस स्कुल प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्टारको कार्यालयको मिति २०८१/०८/२७ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि लिटल सनसाइन प्राइमरी स्कुल प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।**



कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)

## पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लिमिटेड

**विर्तामोड न.पा. वडा नं. ५, झापा**

## चौथो बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

यस पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लिमिटेडको मिति २०८१/०८/२८ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको चौथो बार्षिक साधरण सभा निम्न मिति समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०८१/०९/२० (January 4, 2025), शनिवार**

**स्थान : सामुदायीक अध्ययन केन्द्र, सिवसताक्षी न. पा. वडा न. – ११, दुधे, झापा**

**समय : दिनको ११:०० बजे देखि ।**

**छलफलका प्रस्तावहरु :**

**सामान्य प्रस्तावहरू :**

१. आ.व.२०८०/०८१ अध्यक्षज्यूको कार्य प्रगति प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.२०८०/०८१ को वार्षिक लेखापरीक्षण प्रतिवेदन, अनुसुची सहितको वित्तीय विवरणहरु अनुमोदन गर्ने सम्बन्धमा ।
३. आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. संचालक समितिको चयन गर्ने सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव


# दमक आउँदै गरेको ट्याक्सी दुर्घटना,८ जना घाइते

झापा(प्रस) । पाँचथरको आरुबोटेबाट झापाको दमकतर्फ आउँदै गरेको ट्याक्सी आफै अनियन्त्रित भई दुर्घटना हुँदा ८ जना घाइते भएका छन् । शुक्रवार मध्यान्ह पाँचथर मिक्लाजुङ-४,कोक्नेबुङस्थित आरूवोटे -पञ्चमी भित्री सडकखण्डमा आरूबोटेबाट दमकतर्फ आउँदै गरेको प्र. १-००३-०१ ज.००३४ नं.को ट्याक्सी आफै अनियन्त्रित भई बाटोबाट करिव सय मिटर तल झरेर दुर्घटना भएको हो । उक्त ट्याक्सीमा चालकसहित १० जना सवारमध्ये ८ जना घाइते भएका छन् । घाइतेहरुलाई उद्धार गरी उपचारको लागि को.१ ज ३२७४ नं. को ट्याक्सीमा दमकतर्फ ल्याइएको छ । घाइते हुनेहरुमा मिक्लाजुङ ३ आरूवोटे बस्ने ५१ वर्षीया धनमाया लिम्बू ,संखुवासभा मादी ९ बस्ने २२ वर्षीया रूपा राई , मिक्लाजुङ ३ आरूबोटे बस्ने २१ वर्षीय विरेन्द्र कुरूम्बाङ , संखुवासभा मादी ९ बस्ने २२ वर्षीय चतुरसिंह लिम्बू , सोही ठाउँ वस्ने २७ वर्षीय भरत लिम्बू , ३५ वर्षीय भिमबहादुर लिम्बू , पाँचथर फालेलुङ घर भई हाल दमक २ भाङबारी वस्ने ३१ वर्षीय दिपेश राई र . मिक्लाजुङ घर भई हाल दमक २ भाङबारी बस्ने ४८ वर्षीय भक्तबहादुर लावती रहेका छन् ।

ट्याक्सी चालक पाँचथर मिक्लाजुङ ३ आरूबोटे बस्ने २१ वर्षीय सुशिल फियाक घाइतेहरुको उपचारमा संलग्न रहेको र गाडी घटनास्थलमा नै रहेको प्रहरीले जनाएको छ ।

## योग्यता...

तर, त्यस्ता व्यक्तिले विद्यावारिधि उपाधि प्राप्त गरेको छैन भने विश्वविद्यालय क्याम्पसमा प्राध्यापन गर्न पाउने छैनन् । प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा सम्पन्न भएको साधारण सभा (सिनेट) ले यी दुवै प्रस्तावलाई पारित गरेको छ ।

अब यी विषयलाई कानुनी आकार दिएर कार्यान्वयनमा ल्याइएको विश्वविद्यालयले जनाएको छ । बिहीबार सम्पन्न विश्वविद्यालयको साधारण सभाले विश्वविद्यालयका केन्द्रीय निकाय, केन्द्रीय विभाग, विभाग र क्याम्पसमा जनशक्तिको आवश्यकता पूरा गर्न र आर्थिक रूपले विपन्न वर्ग र क्षेत्रबाट आएका विद्यार्थीलाई टेवा गर्नका लागि काममा लगाइने विषयलाई पनि पारित गरेको छ ।

त्रिविको सम्बन्धन लिएर निजी क्षेत्रबाट सञ्चालित क्याम्पस सामुदायिक क्याम्पसमा गाभिने, सामुदायिक क्याम्पस सामुदायिक क्याम्पसमै र निजी क्याम्पस निजी क्याम्पसमा गाभ्न चाहनेलाई अनुमति दिने निर्णय पनि सभाले गरेको छ । यो व्यवस्था अनुसार उपत्यकाबाहिरका क्याम्पस उपत्यकाभित्रका क्याम्पससँग गाभ्न नपाइने तर उपत्यकाभित्रका क्याम्पस उपत्यकाबाहिरका क्याम्पससँग गाभ्न पाउने छ तर यसरी गाभिएको क्याम्पस उपत्यकाभित्र रहन भने सक्ने छैन । यो व्यवस्था कार्यान्वयनमा आएपछि विद्यार्थी अभावमा बन्द हुने अवस्थामा पुगेका क्याम्पसहरूको उत्थान हुने अपेक्षा गरिएको विश्वविद्यालयका शिक्षाध्यक्ष केसीले बताए । सभाले आर्थिक वर्ष २०८१/०८२ का लागि त्रिविको अन्य नीति तथा कार्यक्रम पनि पारित गरेको छ ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिमः श्री कुमारी थापा, दक्षिणः श्री अनुप कटुवाल को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री अनुसा अधिकारीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | - | ८१९१ | १५२.३७ | २०८१/०६/०४ | २०८१/०६/०४ | २०८१/०८/२८ |






## बालअधिकारप्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरन्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,
- बालबालिकाकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौ ।
- वालवालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**मूल कार्यालय, बिर्तामोड – २, चारपाने, झापा**

## २८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रकाशित मितिः२०८१/०८/२९**

परोक्त सम्बन्धमा यस संस्थाको मितिः२०८१/०८/२७ गते बिहीवार बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २८औं वार्षिक साधारण सभा संघीय सहकारी ऐन - २०७४ को परिच्छेद ६ को दफा ४० को उपदफा ५, प्रदेश सहकारी ऐन - २०७६, प्रदेश सहकारी नियमावली - २०७६, संस्थाको संशोधनसहित पुनरलेखन गरिएको विनियम - २०७८, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले विभिन्न समयमा जारी गरेको निर्देशनअनुसार निम्न अनुसारको प्रस्तावहरुमाथि छलफल गरी पारित गर्नको लागि तपशिल अनुसारको प्रकृयाहरु अवलम्बन गर्दै गरिने भएकोले सबै शेयर सदस्य महानुभावहरुलाई साधारण सभाको एकाइ साधारण सभा/उप-एकाइ साधारण सभामा सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाका प्रस्तावहरु :**

१) संचालक समितिको ०८०/०८१ को वार्षिक प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
२) आ.ब. ०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
३) आ.ब. ०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
४) लेखा सुपरीबेक्षण समिति तथा ऋण उप-समितिको प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
५) सेयर लाभांश पारित गर्ने तथा बितरण गर्ने सम्बन्धमा ।
६) संरक्षित पूँजी कोष तथा कर्मचारी बोनस पारित गर्ने तथा बितरण सम्बन्धमा ।
७) आ.ब ०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
८) सेवा केन्द्रहरुको डिजाइनिङ्ग, ब्रान्डिङ्ग, आन्तरिक सजावट तथा निर्माण खर्च अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा ।
९) आ.ब.०८१/०८२को नीति,कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि जिम्मेवारी दने सम्बन्धमा ।
१०) बिनियम संशोधन गर्ने सम्बन्धमा ।
११) ऋण लगानी स्वीकृत गर्ने तथा लगानी गर्ने अख्तियारी दिने सम्बन्धमा ।
१२) गैह्र बैकिङ्ग सम्पत्ती बिक्री गर्ने सम्बन्धमा ।
१३) एकाइ साधारण सभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधि छनोट गर्ने सम्बन्धमा ।
१४) अन्तिम माइन्युट प्रमाणित गर्न प्रतिनिधि छनोट गर्ने सम्बन्धमा ।
१५) मूल कार्यालय तथा सेवा केन्द्रहरुको बैंक खाता संचालक परिवर्तन गर्न, बैंक खाताबन्द गर्न, QR Codeलिन तथाSMS Serviceलिन स्वीकृतिको लागि अख्तियारी दिने सम्बन्धमा ।
१६) नीति, निर्देशिका र कार्यविधि संशोधन तथा पारित गर्ने साथै परिपत्र तथा पत्रहरु अनुमोदन गर्ने सम्बन्धमा ।
१७) विविध ।

**तपशिल :**

१) साधारण सभा प्रयोजनको लागि संस्थाको सम्पूर्ण कार्यक्षेत्रलाई ७ एकाइमा विभाजन गरिएको छ । साथै एक एकाइ अन्तरगत रहेको सम्पूर्ण सदस्यहरुलाई एकै ठाउमा भेला गर्न संभव नभएकोले ८६ उप-एकाइमा विभाजन गरिएको छ ।
२) साधारण सभा प्रयोजनको लागि प्रत्येक उप-एकाइमा समान कार्यसूचीका आधारमा छलफल र निर्णय गरिनेछ ।
३) साधारण सभाको प्रतिबेदन मिति : २०८१/०८/२९गते सार्बजनिक गरिने छ साथै सोही मितिबाट सदस्यहरुलाई वितरण गर्न शुरु गरिनेछ । सोही मितिमा संस्थाको website: saharanepal.coop.np र फेसबुक पेजमा पनि अपलोड गरिनेछ । प्रतिबेदन संस्थाका सबै सेवा केन्द्रहरुबाट प्राप्त गर्न सकिने छ ।
४) प्रतिबेदनमाथि सदस्यको कुनै सुझाबहरु पेश गर्नु पर्ने भए मितिः २०८१पौष १२ गते कार्यालय समयभित्र लिखित रुपमा आफ्नो पायक पर्ने सेवाकेन्द्रमा बुझाउन सकिनेछ । सदस्यले सुझाब संस्थाको इमेल ठेगाना admin@saharanepal.coop.np मा इमेल गर्न पनि सकिनेछ ।
५) सबै उप-एकाइगत साधारण सभामा संचालक समिति तथा लेखा सुपरीबेक्षण समितिको सहभागिता रहने छ ।
६) एकाइमा हुने साधारण सभाको समय, स्थान र एकै उप-एकाइमा एकभन्दा बढी उप-एकाइगत साधारण सभा भएमा शेयर सदस्य नं.कतिदेखि कतिसम्मको कुन मितिमा बोलाउने भन्ने निर्धारण सेवाकेन्द्रले गर्नेछ ।
७) प्रत्येक उप-एकाइ साधारण सभाबाट अन्तिम माइन्युट प्रमाणित गर्न छनोट भएका तीन/तीन प्रतिनिधिहरुको मितिः २०८१/०९/२४गते बुधबारको दिन संस्थाको मूल कार्यालयमा बहुमतको उपस्थितिमा बैठक बसी अन्तिम माइन्युट प्रमाणित गर्नको लागि उपस्थित प्रतिनिधिहरु मध्येबाट १७ जना प्रतिनिधिहरु छनोट गरिने छ ।
८) यसरी अन्तिम माइन्युट प्रमाणित गर्नको लागि प्रतिनिधि छनोट गर्दा पाँचथरबाट १, उदयपुरबाट १, इलामबाट १, सुनसरीबाट २, मोरङ्गबाट ३ र झापाबाट ९जना गरी कुल १७ जना प्रतिनिधि छनोट गरिनेछ ।
९) एकाइगत तथा उप-एकाइगत साधारण सभा आयोजना सम्बन्धी सूचना राष्ट्रिय स्तरको पत्रिका, संस्थाको बेभसाइड, फेसबुक पेजमा अपलोड तथा एस्.एम.एस.गरिएको छ । कुनै कारणबस सूचना प्राप्त गर्न नसकेको भए यसै सूचनालाई आधार मानी एकाइ/उप-एकाई साधारण सभामा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**एकाइगत तथा उप-एकाइ साधारण सभा हुने सेवाकेन्द्र तथा मिति :**

| | | |
|---|---|---|
| **एकाइ १** | **२०८१ पौष १५गते, सोमबार** | **बिर्तामोड १, चारपाने १, सुरुङ्गा १, लक्ष्मीपुर, घैलाडुब्बा, शनिश्चरे, राजगढ, र दानाबारी सेवाकेन्द्रहरु ।** |
| एकाइ२ | २०८१ पौष १६गते, मंगलबार | बिर्तामोड २, चारपाने २, सुरुङ्गा २, चन्द्रगढी, बनियानी, ज्ञानेचोक, पथरीया, ढडुवा र बिर्ताबजार सेवाकेन्द्रहरु । |
| एकाइ३ | २०८१ पौष १७गते, बुधबार | बिर्तामोड ३, चारपाने ३, मंगलबारे मोरङ्ग, दुर्गापुर, सिजुवा, बिराटचोक, बलिया, शिवगंज, कुमरखोद र दमक सेवाकेन्द्रहरु । |
| एकाइ४ | २०८१ पौष १८गते, बिहिबार | बिर्तामोड ४, गौरीगंज,, गौरादह, केर्खा, दुधे, धुलाबारी, काँकडभिट्टा, बौद्धमोड, ईटाभट्टा र फिक्कल सेवाकेन्द्रहरु । |
| एकाइ५ | २०८१ पौष १९गते, शुक्रबार | बुधबारे, चारआली, गोलधाप, खुदुनाबारी, बुट्टाबारी, कुन्जीबारी, पुष्पलालचोक, पथरी र उर्लाबारी सेवाकेन्द्रहरु । |
| एकाइ६ | २०८१ पौष २०गते, शनिबार | इलाम, मंगलबारे इलाम, फिदिम, तरहरा, चक्रघट्टी, बेल्टार, इनरुवा, गाईघाट, रबि, कटारी, धरान, रामपुर, नयाँबजार, याशोक, राँके, थर्पु, नेपालटार, कालाबन्जार र चुलाचुली सेवाकेन्द्रहरु । |
| एकाइ७ | २०८१ पौष २१गते, आइतबार | रंगेली, अमरदह, लेटाङ्ग, बाहुनी, कटहरी, तेतरिया, भौडाहा, बिराटनगर, झुम्का, चिमडी, भमरी, हरिनगरा, देवानगंज, रमाईलो, मधुमल्ला, बेलबारी, खनार, बाँसबारी, कर्सिया, लौकही र केराबारी सेवाकेन्द्रहरु । |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# नियमित रक्तदान गरौं

झापाका अस्पतालमा बिरामीलाई चाहिने रगतको अभाव भएको छ। आफन्तले रगतको जोहो गर्न नसक्दा कतिपय बिरामीको जीवन संकटमा परेको छ। अस्पतालहरू र रक्तसञ्चार केन्द्रमा रक्त संकलन निकै कम मात्रामा भइरहेको छ। नेपाल रक्त संकलनमा मूलतः स्वयंसेवी रक्तदातामा निर्भर छ। कतिपय सामाजिक संघसंस्थाले रक्त संकलनलाई नियमित कार्यक्रम नै बनाएका छन्। पटकपटक रक्तदान गर्नेहरूको संख्या पनि नेपालमा उल्लेख्य छ। किन्तु, समयसँगै जनसंख्या र स्वास्थ्य सेवामा भएको वृद्धिअनुसार रक्त संकलन सेवाको विस्तार र आधुनिकीकरणमा भने ध्यान पुगेन। युवा पुस्तालाई रक्तदानको महत्व बुझाउन नसकेका कारण पनि नयाँ रक्तदाताको संख्यामा पर्याप्त वृद्धि नभएको हुनुपर्छ। यस्तै, स्वास्थ्य संस्था विशेषगरी निजी क्षेत्रबाट सञ्चालित अस्पतालहरूको 'द्रव्य मोह'ले पनि स्वयंसेवी रक्तदातालाई विरक्त बनाएको हुनसक्छ। रक्त संकलन आवश्यकताका अनुपातमा कम हुनुको कारण खोज्न व्यवस्थित अध्ययन हुनु जरुरी देखिन्छ। राज्य र स्वास्थ्य संस्थाहरूले 'रक्तदान जीवनदान' हो भन्ने सन्देश फैलाउन र युवा रक्तदातालाई उत्प्रेरित गर्न विशेष प्रयास गर्नु आवश्यक छ। कारण, अहिलेसम्म मानव रगतको पूर्ण विकल्प तयार गर्न वैज्ञानिकहरू सफल जो भएका छैनन्। यो संकट समाधान गर्न स्वयंसेवी रक्तदातालाई उत्पेरित गर्ने दीर्घकालीन कार्यक्रम बनाउनु आवश्यक छ। दीर्घकालीन बहुपक्षीय योजनाबिना यो समस्या सधैँका लागि समाधान हुनसत्तै्कन। साथै, तत्कालको अभाव टार्नका लागि पनि उत्तिकै सक्रियतापूर्वक रक्तसंकलन गर्नु आवश्यक छ। प्रहरी, सेनालगायत संगठित क्षेत्रबाट रक्त संकलन गरेर पनि तत्कालको संकट कम गर्न सकिन्छ। यस्तै, स्वयंसेवी संघसंस्थालाई आग्रह गरेमा पनि केही मात्रामा रक्त संकलन हुनसक्छ। रक्तदाताको सम्मान गर्ने संस्कार समाजमा बसाउन सके रक्तदानप्रति आकर्षण पनि बढ्नेछ। नेपालमा रक्त सञ्चार सेवाको अगुवाइ गर्ने नेपाल रेडक्रसले पनि वर्तमान संकटको समाधानका लागि अग्रसरता देखाउनु उचित हुनेछ। रगतको अभावमा कसैको जीवन जानु सिंगो समाज र स्वास्थ्य सेवाका लागि चिन्ता एवं ग्लानिको विषय हो।नेपालमा हाल वार्षिक तीन लाख ५० हजारदेखि चार लाख पिन्ट (एक पिन्टमा ४७३.१७ मिलिलिटर हुन्छ) रगत आवश्यक हुने गरेको छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# पत्रकार महासंघको जिम्मेवारी



• केशव निरौला

नेपाल पत्रकार महासंघ सम्पूर्ण नेपाली पत्रकारको प्रतिनिधित्व गर्ने छाता संस्था हो। यसले मूलतः क्रियाशील पत्रकारको पेसागत हकहित संरक्षण, पत्रकारिता क्षेत्रको विकास र प्रेस स्वतन्त्रताको प्रवर्धनमा समर्पित भएर कार्य गर्दै आएको छ। महासंघले स्वदेशमा मात्र नभई विदेशमा रहेका नेपाली पत्रकारलाई समेत सङ्गठित गर्दै व्यावसायिक नेतृत्वमार्फत पत्रकारको हकहित रक्षा गर्ने ध्येय राख्छ। प्रेस स्वतन्त्रताको संरक्षण र प्रवर्धनसँगै पत्रकारको भौतिक तथा पेसागत सुरक्षा सुनिश्चितताका लागि निरन्तर सक्रिय पत्रकार महासंघको देशव्यापी निर्वाचन आज हुँदै छ। निर्वाचनले महासंघको इतिहासमा २४ औं केन्द्रीय नेतृत्व चयन गर्दै छ भने प्रदेश र जिल्ला तथा प्रतिष्ठान शाखामा समेत नयाँ नेतृत्व चयन हुँदै छन्। निर्वाचनमा देशभरका करिब साढे नौ हजार पत्रकार प्रत्यक्ष सहभागी हुँदै छन्।

निर्वाचनले पत्रकार महासंघको केन्द्रीय नेतृत्व पनि चयन गर्ने छ। निर्वाचन समग्र महासंघको गरिमा माथि उकास्दै संस्थाको वैधानिकता दिन कोसेढुङ्गा साबित होला भन्ने विश्वास लिन सकिन्छ। यसर्थ निर्वाचन सम्पन्न हुँदा महासंघको साङ्गठनिक जीवनमा नयाँ ऊर्जा, उत्साह र उमङ्ग भरिने आशा र अपेक्षा छ। महासंघको निर्वाचनका विषयमा आमनागरिकमा समेत संशय पैदा हुने र महासंघको विधानसमेतको उल्लंघन हुन सक्ने अवस्थाबाट जोगाउने सन्दर्भमा पनि यो निर्वाचन बढी मह⃞वपूर्ण ठानिएको हो।

'आवाजविहीनको आवाज' मानेर सूचनाको खेती गर्ने स्वयम् पत्रकारलाई आफ्नो असल र पूर्णतः पेसाप्रति निष्ठावान् नेतृत्व चयन गर्ने उपयुक्त अवसर हो। यस पटकको निर्वाचनमा प्रचारप्रसारका लागि अलि कम समय भयो भनिए पनि पत्रकारले आफ्नो सही नेतृत्व पहिलेदेखि नै निर्क्योल गरिसकेका हुन्छन्। यही मान्यता अनुरूप आजको निर्वाचनबाट निर्वाचित हुने महासंघको नयाँ नेतृत्वले पेसागत हकहितको रक्षा र महासंघको गरिमालाई उचो बनाउने आशा जाग्छ। निर्वाचनपश्चात् आउने नयाँ नेतृत्वसहितका पदाधिकारीले संस्थाको गरिमा प्रतिष्ठा माथि उकास्ने सन्दर्भमा विगतका गल्तीबाट पाठ सिक्दै स्पष्ट कार्यदिशा अवलम्बन गर्नुपर्ने हुन्छ। यसका लागि जिल्ला, प्रदेश, केन्द्र र एसोसिएटलगायतबाट नवनिर्वाचित हुने पदाधिकारीले मिडिया, सञ्चारकर्मी र संस्थाको हितका लागि समग्र सञ्चार जगतमा नयाँ तरङ्ग ल्याउने गरी काम गर्नु पर्छ।

साङ्गठनिक सुदृढीकरण

कुनै पनि निर्वाचनमा सर्वसम्मत भएका पदबाहेक सबै उम्मेदवारको विजय हुँदैन। आज हुने महासंघको निर्वाचनमा पनि आवश्यक पदभन्दा उम्मेदवारीको संख्या औसतमा तीनगुना बढी देखिन्छ। परिणामतः विजयी हुनेको संख्याभन्दा विजय हुन नसक्नेको संख्या दोब्बरको हाराहारीमा रहन सक्छन्। यस्तो अवस्थामा पक्कै पनि विजय नहुने पक्षमा असन्तोष बढ्नु स्वाभाविक हो। यसरी बढ्ने असन्तोषलाई हटाउन सक्ने खुबी विजयी पक्षमा हुनै पर्छ। यसका लागि महासंघमा आबद्ध सबै पत्रकार र सञ्चारकर्मीलाई एउटै मालामा उनेर साङ्गठनिक सुदृढीकरण गर्न सकियो भने मात्रै महासंघको गरिमा बढ्ने छ। जितपछिको परिस्थिति 'मेरो वा हाम्रो पक्षको' भन्ने मात्र सीमित गरी 'सबैको जित' बनाउन सकिएन भने फेरि पनि महासंघको गरिमा खस्किन सक्छ।

प्रेस स्वतन्त्रताको रक्षा,

व्यावसायिक तथा जिम्मेवार पत्रकारिताको विकास र पत्रकारको श्रम अधिकार संरक्षणलगायत आदर्शमा अडिग रहन पनि सुदृढ सङ्गठनको आवश्यकता पर्छ। पत्रकार महासंघ जस्तो नागरिक अगुवाको दर्बिलो संस्थालाई राजनीतिक पार्टीको जनवर्गीय सङ्गठनमा झार्ने कर्म कहींकतैबाट हुनु हुँदैन। त्यसो त पत्रकारमा राजनीतिक आस्था हुँदै नहुने होइन तर पनि त्यसको छाया व्यावसायिक र पेसागत भूमिका निर्वाहमा नहुने गरी साङ्गठनिक सुदृढीकरणको जरुरत छ। अतः नेपाली पत्रकारको विश्वासिलो 'साझा घर' बनाउन पनि सङ्गठनभित्र रहेका वा रहन सक्ने आन्तरिक कटुतालाई विधि र प्रक्रियाबमोजिम हल पर्ने युगीन जिम्मेवारी पनि आउने पदाधिकारीले वहन गर्नैपर्ने हुन्छ।

सदस्यता शुद्धीकरण

नेपाल पत्रकार महासंघको यसअघि पटक पटक चुनावी महाधिवेशन हुन नसक्नुको प्रमुख कारण नै सदस्यता शुद्धीकरणको विषय हो। कैयौं पटकसम्म निर्वाचन मितिघोषणा गर्दै निर्वाचन गराउन नसक्नु र केन्द्रीय समितिका दुई जना पदाधिकारीलाई राजीनामा दिन बाध्य पार्ने कारक पनि यही 'सदस्यता शुद्धीकरण अभियान' मानिन्छ। अब आउने नयाँ कार्यसमितिका पदाधिकारीले भने सबैलाई समान तरिकाले लागु गर्न सकिने प्रावधान राखेर मात्रै सदस्यता शुद्धीकरण अभियान चाल्नुपर्ने हुन्छ। सदस्यता शुद्धीकरणको विषय 'मुद्दा' नबनाई 'प्रक्रिया' बनाउनुपर्ने हुन्छ। किनकि, विधि र नियम अनुसार अगाडि बढ्ने अभियानलाई कुनै खास खास राजनीतिक आस्थासम्बद्ध सङ्गठनबिचको आपसी लेनदेनमा मिलापत्र गरे जस्तो नहोस्। सबैलाई न्यायोचित तरिकाबाट एउटै आधारमा समन्यायको सिद्धान्त अनुरूप मापदण्ड बनाई शुद्धीकरण अभियान अगाडि बढाउने हो भने कुनै ठुलो समस्या बन्दैन। यसमा केन्द्र, प्रदेश, जिल्ला र अन्य एसोसिएट समितिबिच पूर्णतः समन्वयात्मकताको खाँचो पर्छ। यस्तो अवस्थामा भने सबै जिल्ला शाखाले शुद्धीकरण अभियान टुङ्ग्याएर मात्रै सदस्यता नवीकरण गर्नुपर्ने हुन्छ।

विगतमा भने केही जिल्ला शाखाले २०८० सालसम्मकै पत्रकारको सदस्यता शुल्क लिएर पुनः शुद्धीकरण अभियान अघि बढाउँदा समस्या झन् विकराल बनेको थियो। २०८० सालको सदस्यता शुल्क बुझाएर सदस्यता नवीकरण गर्ने पत्रकारको नामावली सम्बन्धित जिल्लाको आधिकारिक लेटरप्याडमा सार्वजनिक गरेर पुनः सोही पत्रकारको बारेमा सोही मितिभित्रै शुद्धीकरण थाल्दा विधिविधानको जुन उपहास भयो, अब आउने समितिले त्यस्तो अवैधानिक कार्य हुँदैछ कि भनेर पूरै चनाखो बन्नु पर्छ। शुद्धीकरणमा पर्न सक्ने सम्भावित पत्रकारलाई आफू के कुन कारणले शुद्धीकरणमा परेको हो सोसम्बन्धी सूचना प्रवाह गरी उपयुक्त सुनुवाइको मौका दिने गरी अभियान अगाडि बढाउनु पर्छ। जुन कुरा गत वर्ष कैयौं जिल्ला शाखामा हुन सकेन। विगतमा कतिपय जिल्ला शाखाले नयाँ सदस्यता दिने निहुँमा 'अघोषित ठगीजन्य कार्य' पनि गरेको तितोसत्य भेटिन्छ।

नयाँ सदस्यता आह्वान गरेर बर्सेनि आवेदकबाट दुई हजार लिने क्रम महासङ्घका कैयौं जिल्लामा विगतदेखि नै भइरहेको पाइन्छ। आवेदन शुल्क र एक वर्षको सदस्यता शुल्क भनेर पहिले नै लिएको उक्त दुई हजार रकम सदस्यमा छनोट नहुँदा पनि फिर्ता नहुने गरेको धेरै दृष्टान्त भेटिएका छन्। यस्ता विषयमा नयाँ बन्ने समितिले चासो, चिन्ता र आवश्यकता अनुसार नियमन एवं नियन्त्रण पनि गर्नु वाञ्छनीय हुन्छ। यसै गरी सदस्यता शुद्धीकरणको विषयमा विगत २० वर्षदेखि महासंघमा निरन्तर योगदान गरेका पत्रकार र भर्खरै सदस्य बनेका वा बन्न लागेकाबिच केही भिन्न आधार वा मापदण्ड तोकिनु न्यायसङ्गत हुन्छ।

यस्तै पत्रकारिता विषय अध्यापन गर्ने शिक्षक, प्राध्यापक, विभिन्न स्थानीय सरकारमा नियुक्त सूचना संयोजक (सम्पादक), दल वा मन्त्रीविशेषका 'प्रेस संयोजक वा सल्लाहकार' आदिका विषयमा पनि स्पष्ट मापदण्ड बनाएर मात्रै शुद्धीकरण अभियान चलाउन सक्ने दूरदर्शी नेतृत्व चयन गर्नुपर्ने टड्कारो आवश्यकता हो। यसैगरी राज्य र महासंघबिच बेमेल हुने गरी सदस्यता शुद्धीकरण अभियान अगाडि बढाउनु पनि उचित हुँदैन। शुद्धीकरणकरणका लागि बन्ने मापदण्डमा राज्यद्वारा परिभाषित सबै पत्रकारलाई अटाउन सक्नु महान् ठहर्छ। विशेषतः अनवरत १५ वर्षदेखि पत्रकारितामा क्रियाशील भई मूलतः खोजी पत्रकारिता गर्दै आएका सूचना तथा प्रसारण विभागबाट 'स्वतन्त्र पत्रकार'को परिचयपत्र प्राप्त गरेका पत्रकार, सरकारी सञ्चारमाध्यममा कार्यरत पत्रकार, दिउँसो अरू नै क्षेत्रमा काम गरी रातभरि खटेर दैनिक पत्रिका प्रकाशनको अभिभारा लिने सम्पादक आदिलाई शुद्धीकरणको नाउँमा महासंघमा समेट्न सकिएन भने महासंघको साख घट्ने निश्चितप्रायः छ।

**मिडिया र मिडियाकर्मीको उन्नयन**

नयाँ आउने समितिले मिडिया र मिडियाकर्मीको उन्नयनका लागि ठोस पहलकदमी अगाडि बढाउनुपर्ने हुन्छ। महासंघको उद्देश्य अनुसार उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासका लागि मिडिया र मिडियाकर्मीको उन्नयनलाई केन्द्रमा राखेर कार्य गर्न सक्नु पर्छ। यसका लागि महासंघ सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा अनवरत क्रियाशील रहन सक्नु पर्छ। श्रमजीवी पत्रकारको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेसा तथा रोजगारीको अधिकारको संरक्षणका लागि पत्रकार महासंघलाई ट्रेड युनियन संस्थाका रूपमा स्थापित गरी ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्ने सक्षमता पनि महासंघले लिनु पर्छ। मिडिया र मिडियाकर्मीको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि विशेष कार्ययोजना बनाई लागु गर्न सक्नु पर्छ।

स्वदेश र विदेशको पत्रकारितासम्बद्ध संघ संस्थामाझ सम्बन्ध विस्तार गर्ने गरी नीतिगत योजना बनाई कार्यारम्भ गरिनु पर्छ। ग्रामीण क्षेत्रका मिडियाको संरक्षणका लागि विज्ञापन प्रदायक संस्थासँग विज्ञापन माग गरी ती क्षेत्रका मिडियामा सम्प्रेषण गर्ने सेतुको कार्यमा पनि महासंघ लाग्नुपर्ने हुन्छ। पत्रकारिता अध्ययन गर्न चाहने पुराना/स्थापित तथा नवप्रवेशी पत्रकारलाई महासंघको अगुवाइमा बर्सेनि छात्रवृत्तिको व्यवस्था मिलाउनुले पेसागत क्षमता विकासमा टेवा पुग्छ। महासंघले पत्रकारिता क्षेत्रसँग सम्बन्धित भेला, गोष्ठी, अन्तरक्रिया र प्रशिक्षणलगायतका विभिन्न रचनात्मक गतिविधि निरन्तर सञ्चालन गर्दै पुस्तक, पत्रपत्रिका, कार्यक्रम तथा प्रतिवेदनको प्रकाशन वा उत्पादन गर्ने कार्यलाई जारी राख्नु पर्छ। महासंघले जारी गर्ने 'प्रेस विज्ञप्ति' कै आधारमा राज्य संयन्त्रसहित सरोकारित पक्षले तदारुकता साथ कार्यसम्पादन गर्ने अवस्था बन्नु पर्छ।

दिनरात पत्रकारितामा सक्रिय भएर पनि बिहान-बेलुकाको हातमुख जोर्न समस्या भोगिरहेका तमाम पत्रकारलाई यही पेसामा टिकाइराख्न सक्ने बनाउनका लागि नयाँ नेतृत्वले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। समय, सन्दर्भ, स्थान र परिस्थिति अनुसार भिन्नभिन्न समस्या भोग्न बाध्य हुने नेपाली पत्रकारको जड समस्या भनेकै आर्थिक सङ्कट मानिन्छ। योसँगै चरम राजनीतीकरणको दलदलमा फँसेको नेपाली पत्रकारिता गुम्दै गएको साख जोगाउन पनि त्यति सजिलो छैन। निर्वाचनपश्चात् चयन हुने नयाँ नेतृत्वले पत्रकारिता पेसामा 'स्वतन्त्रता' को आभास दिन सक्ने गरी कार्यसम्पादन अगाडि बढाउन जरुरी छ। पत्रकारिताको आवरणमा हुने गैरकानुनी कार्यका विरुद्ध सबै नेतृत्व पङ्क्ति उभिने वातावरण बन्नु पर्छ, जसमा कुनै पनि राजनीतिक विचारधाराको गन्ध नपलाओस्। समाजको पथप्रदर्शक हुँदै राज्यको कुशल पहरेदार ठानिएका पत्रकार स्वयम्लाई आफ्नो चुनावी सरगर्मीमाझ कथित 'झोले पत्रकार' को तुच्छ बचन हटाउने उपयुक्त नेतृत्व चयनको 'स्वर्णिम दिन' बनोस्।

# ज्येष्ठ नागरिकमा जलवायु प्रभाव



• पवित्रा अधिकारी

जलवायु परिवर्तन हाम्रो समयको सबैभन्दा महत्वपूर्ण विश्वव्यापी चुनौतीमध्ये एक हो। बढ्दो तापक्रम, चरम मौसमी घटना र परिवर्तनशील पारिस्थितिक प्रणालीले सबैलाई असर गरिरहेको छ। नेपाल पनि जलवायु परिवर्तनको उच्च जोखिममा रहेका राष्ट्रमध्येमा पर्छ। एसियाली विकास बैङ्कको एक अध्ययन अनुसार नेपालले सन् २०५० सम्ममा जलवायु परिवर्तनका कारण वार्षिक जिडिपीको २.२ प्रतिशत गुमाउने अवस्था छ। वार्षिक वर्षा हुने परिपाटी वर्षैपिच्छे परिवर्तन हुँदै गइरहेको छ। अतिवृष्टि, अनावृष्टि वा खण्डवृष्टिको समस्या दिनानुदिन बढ्दै गइरहेको छ।

नेपालको अन्तरिम संविधानले आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडि परेका समुदायका रूपमा गरिब, महिला, दलित, आदिवासी जनजाति, मधेशी अन्य सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भौगोलिक विकटतामा बसोबास गर्ने व्यक्ति, यौनिक अल्पसंख्यक र नागरिकताविहीन व्यक्तिलाई परिभाषित गरेको छ। जलवायु परिवर्तनबाट उत्पन्न चुनौती सामना गर्न आवश्यक स्रोतसाधन एवं क्षमताको अभावका कारण यी समुदाय/वर्ग जलवायु परिवर्तनबाट थप सङ्कटासन्न अवस्थामा रहेका छन्। यसका असर सर्वत्र अनुभव गरिए पनि यस्ता प्रभावको असरबाट भने निश्चित समुदाय वा वर्ग तुलनात्मक रूपमा बढी प्रभावित हुने गरेको तथ्य विश्वव्यापी रूपमा स्वीकार गरिएको छ। यसले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, श्रमिकलगायतका समूहलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा धेरै प्रभाव पारिरहेको छ। सामान्यतः जलवायु परिवर्तनले पारेका असरमा बाढी, पहिरो, भूक्षय, खडेरी तथा तीव्र हिँउ पग्लनु र कृषि प्रणालीमा ह्रास रहेका छन्। समुदायका विभिन्न उमेर, वर्ग, लिङ्गलगायतका सबैलाई कुनै न कुनै तरिकाले प्रभाव पारिरहेको

जलवायु परिवर्तनले विशेष गरी ज्येष्ठ नागरिकमा पारेको प्रभावका बारेमा यहाँ चर्चा गरिएको छ।

शारीरिक स्वास्थ्य प्रभाव : ज्येष्ठ नागरिक (६० वर्ष वा सोभन्दा माथि ) उमेर समूह विशेष गरी जलवायु परिवर्तनको शारीरिक स्वास्थ्य प्रभावका लागि संवेदनशील समूह हो। तीव्र रूपमा बढ्दै गएको गर्मीले ज्येष्ठ नागरिकलाई ठुलो जोखिम निम्त्याउँदै छ। बढ्दो उमेरका कारण उनीहरूको शरीरमा तापक्रम नियन्त्रण गर्ने क्षमता घट्दै जाँदा उनीहरूलाई गर्मीसम्बन्धी रोग जस्तै गर्मी स्ट्रोक र निर्जलीकरण हुने सम्भावना बढी हुन्छ। थप रूपमा, चरम मौसमी घटना जस्तै आँधीबेरी, बाढी पहिरो र जङ्गली आगलागीले अन्य उमेरकालाई भन्दा ज्येष्ठ नागरिकलाई उच्च रूपमा असर गर्छ। गतिशीलताको चुनौती, दीर्घकालीन स्वास्थ्य समस्या तथा आपत्कालीन सेवामा हुने सीमित पहुँचले उनीहरूलाई सङ्कटको समयमा बाहिर निस्कन वा चिकित्सा सहायता खोज्न सक्ने क्षमतामा बाधा पुऱ्याउन सक्छ।

मानसिक स्वास्थ्य समस्या : ज्येष्ठ नागरिकमा जलवायु परिवर्तनको मनोवैज्ञानिक प्रभाव चिन्ताको विषय हो। प्राकृतिक प्रकोप र चरम मौसमी घटनाले आघात, चिन्ता र उदासीनता निम्त्याउन सक्छ। घर, सम्पत्ति, वस्तुभाउ वा प्रियजन गुमाउने ज्येष्ठ नागरिकले लामो समयसम्म शोक र तनाव अनुभव गर्न सक्छन्। यसबाहेक, जलवायु परिवर्तनको अनिश्चितता र यसको नियन्त्रणमा कमीले पनि यो जनसाङ्ख्यिकीय समूहमा असहायता र एक्लोपनको भावना बढाउन सक्ने कुरा थुप्रै अध्ययनले देखाएका छन्।

सामाजिक मेलमिलापमा समस्या : जलवायु परिवर्तनले गर्दा ज्येष्ठ नागरिकलाई सामाजिक मेलमिलाप वा सामाजिक सञ्चारका लागि उचित वातावरण रहँदैन। उदाहरणका लागि, अत्यधिक गर्मी वा चिसोले गर्दा ज्येष्ठ नागरिकलाई घरभित्रै बस्न बाध्य तुल्याउन सक्छ। बाढी पहिरोलगायतका प्रकोपले बाटोघाटो बिगारिदिँदा एक ठाउँबाट अन्यत्र जान कठिन हुन्छ। यसले पनि उनीहरूलाई सामाजिक अन्तर्क्रिया, मेलमिलाप र सञ्चार जस्ता सेवाबाट टाढा राख्छ। जलवायु परिवर्तनकै कारण छिमेकी, साथीभाइ, इष्टमित्रले बसाइँसराइ गर्दा पनि यो समूहको सामाजिक मेलमिलापमा र सञ्चारमा समस्या उत्पन्न हुने गरेको छ।

आर्थिक तथा बसोबाससम्बन्धी समस्या : जलवायु परिवर्तनले ज्येष्ठ नागरिकका लागि आर्थिक चुनौती पनि बढाएको छ। धेरै ज्येष्ठ नागरिक निश्चित आम्दानीमा बाँचिरहेका हुन्छन्। अन्य उमेरको तुलनामा उनीहरूको औषधी उपचारमा लागत बढी लागिरहेको हुन्छ। त्यसमाथि पनि जलवायु परिवर्तनले निम्त्याएको प्राकृतिक प्रकोपका कारण भौतिक सम्पत्तिको क्षति, घरजग्गाको लालपुर्जा, नागरिकतालगायतका अन्य कानुनी दस्ताबेज बगाउने, भिज्ने, वा हराउने जस्ता समस्याले गर्दा अन्य झैझमेला र आर्थिक अभावको सामना गर्नुपर्ने बाध्यता रहन्छ। एक ठाउँबाट अन्यत्र स्थानान्तरण हुनुपर्दा खर्चिलो हुने र नयाँ स्थानमा बसोबास गर्दा समायोजनको समस्या पनि उप्पन्न हुन सक्छ। बाढी पहिरोलगायतका प्रकोपमा परेर घर गुमेका ज्येष्ठ नागरिकका लागि जाडो महिना असाध्यै कष्टकर हुने देखिन्छ। न्यून आय भएका समुदायका ज्येष्ठ नागरिक विशेष गरी जोखिममा छन् किनकि उनीहरूसँग जलवायु उत्थानशील आवासमा लगानी गर्ने वित्तीय स्रोतको अभाव छ।

कृषि तथा स्थानीय उत्पादनमा समस्या : जलवायु परिवर्तनले कृषि र स्थानीय उत्पादनलाई विभिन्न तरिकामा असर गरिरहेको छ। जसले ज्येष्ठ नागरिकलाई प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। समयमा पानी नपर्दा अथवा बेमौसमी वर्षाका कारण बाली लगाउने र उत्पादन मा प्रभाव परिरहेको। धेरै रासायनिक मल तथा किटनाशक औषधीको प्रयोगले परम्परागत बिउ तथा बाली लोप हुँदै गएका छन्। परम्परागत खेतीको अनुभब भएका र स्थानीय उत्पादन मात्र प्रयोग गर्दै आएका ज्येष्ठ नागरिकको जीवनशैलीलाई यस्तो प्रभावले धेरै असर पारिरहेको छ। अत्यधिक वर्षाले माटोको क्षरण र पोषक तत्वमा हानि निम्त्याउन सक्छ, भने लामो समयसम्मको सुक्खाले माटोको क्षय निम्त्याउन सक्छ। बढ्दो तापक्रमले माटोमा रहेको उब्जाउ क्षमतालाई परिवर्तन गर्न सक्छ। जसको कारण कृषि पेसामा निर्भर रहेका ज्येष्ठ नागरिकको खाद्य सुरक्षा र पोषणमा समेत असर पर्न सक्छ।

ज्येष्ठ नागरिकमा जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न लक्षित नीति र सामुदायिक पहल आवश्यक पर्छ। जलवायु परिवर्तनसँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन, कार्यशाला, सेमिनार तथा कार्यक्रम प्रसस्तै मात्रामा हुने गरेका छन्। यही विषयमा काम गर्न सरकारी तह संघ संस्थादेखि अन्तर्राष्ट्रिय स्तरका संघ संस्थाले काम गरिरहेका छन्। यो विषयसँग सम्बन्धित विभिन्न नीति, कार्ययोजना तथा ऐन पनि बनाइएको छ तर यस्ता संघ संस्थाका कार्यक्रम तथा नीति, रणनीतिक कार्ययोजना तथा ऐन बाट यसको चरम जोखिम बेहोरिरहेका खास समुदाय वा वर्गका व्यक्तिले अलिकति पनि लाभको अनुभव गर्न सकेका छैनन्। त्यसमाथि पनि यति धेरै प्रभाव खेपिरहेको ज्येष्ठ नागरिक लक्षित नीति तथा कार्यक्रम कतै फेला पार्न सकिँदैन।

आपत्कालीन प्रतिक्रियात्मक योजना बनाउँदा ज्येष्ठ नागरिकले सामना गरिरहेको गतिशीलता र शारीरिक, मानसिक स्वास्थ्य चुनौतीलाई विचार गर्नु पर्छ। समुदायमा आधारित कार्यक्रमले ज्येष्ठ नागरिकलाई सहयोग गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ। यसबाहेक, ज्येष्ठ नागरिकलाई जलवायु जोखिम र तयारी उपायका बारेमा शिक्षित गर्न सके उनीहरूले आफूलाई सुरक्षित राख्ने सक्रिय कदम चाल्न सशक्त बनाउन सक्छन्। साथै जलवायु परिवर्तनका लागि काम गर्न बनाइने हरेक कार्यक्रममा निति तथा ऐनमा ज्येष्ठ नागरिकका कुरा उल्लेख गर्नु पर्छ। हरेक उपभोक्ता समूहमा ज्येष्ठ नागरिकको उपस्थिति अनिवार्य गराउँन सकेमा उनीहरूको ज्ञान र सिपको उपयोग गर्न सहज हुन्छ। सामुदायिक वन संरक्षणमा पनि ज्येष्ठ नागरिकले अमूल्य योगदान दिन सक्छन्। स्थानीय तथा रैथाने बाली संरक्षणमा पनि ज्येष्ठ नागरिकको सहभागिता अर्थपूर्ण रहन्छ। यस्ता काममा उनीहरूलाई लगाउँदा निष्क्रिय अवस्थामा रहेको जनशक्तिको परिचालन हुन्छ।

जलवायु परिवर्तन एक बहुआयामिक समस्या हो, जसले व्यापक समाधानको माग गर्छ। ज्येष्ठ नागरिकका लागि बदलिँदो मौसमले निम्त्याएका शारीरिक, मानसिक र आर्थिक चुनौती अति नै महत्वपूर्ण छन्। जलवायु नीतिहरूमा ज्येष्ठ नागरिकको आवश्यकतालाई प्राथमिकतामा राखेर काम गर्नु नितान्त आवश्यक छ। यो विश्वव्यापी समस्याको रूपमा रहेको मुद्दालाई सम्बोधन गर्ने प्रयासमा ज्येष्ठ नागरिकले पनि यसको जोखिम कम गर्न अमूल्य योगदान दिन सक्ने छन् भन्ने विषयमा पनि सुनिश्चित गर्न सकिन्छ।

# योग्यता परीक्षा उत्तीर्ण अनिवार्य



झापा,मंसिर(प्रस)।त्रिभुवन विश्वविद्यालयको प्राध्यापन सेवामा प्रवेश गर्न चाहने व्यक्तिले विश्वविद्यालयद्वारा सञ्चालन गरिने योग्यता परीक्षण परीक्षामा उत्तीर्ण हुनुपर्ने भएको छ ।

'विश्वविद्यालय सेवा योग्यता परीक्षण परीक्षा' नाम दिइएको उक्त परीक्षा उत्तीर्ण हुने व्यक्तिले मात्रै प्राध्यापन सेवामा प्रवेश गर्नका लागि सञ्चालन गरिने अर्को परीक्षामा सहभागिता जनाउन पाउने छन् । यो परीक्षा उत्तीर्ण हुनेहरूले मात्रै त्रिवि अन्तर्गतका आङ्गिक, सम्बन्धनप्राप्त क्याम्पसहरू र विभागमा प्राध्यापन सेवामा प्रवेश गर्न पाउने विश्वविद्यालयका शिक्षाध्यक्ष प्राडा खड्ग केसीले बताए ।

उनका अनुसार हाललाई उक्त परीक्षा विश्वविद्यालयले नै कुनै संरचना खडा गरेर सञ्चालन गर्ने छ तर विश्वविद्यालय अनुदान आयोगले हाल अध्ययन गरिरहेको राष्ट्रिय योग्यता परीक्षण (नेसनल इलिजिबिलिटी टेस्ट) कार्यान्वयनमा आएपछि भने यो व्यवस्था स्वतः निष्क्रिय हुने शिक्षाध्यक्ष केसीले जानकारी दिए ।

तर, अतिथि शिक्षकका रूपमा विश्वविद्यालयमा पढाउन जाने व्यक्तिका लागि भने यो परीक्षा आवश्यक नरहने त्रिविले जनाएको छ । त्यस्तै त्रिवि अन्तर्गत कीर्तिपुरमा रहेको विश्वविद्यालय क्याम्पसमा नियुक्त, सरुवा तथा पदस्थापना हुने शिक्षकहरूका लागि भने कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको हुनुपर्ने व्यवस्था पनि त्रिविले गरेको छ ।

अहिले त्रिविको प्राध्यापन सेवामा प्रवेश गर्नका लागि न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर तह रहेको छ । त्रिविले खुला प्रतिस्पर्धामार्फत आह्वान गरेको परीक्षामा उच्च अङ्क ल्याएर पहिलो नम्बरमा उत्तीर्ण हुने व्यक्तिले पनि मेरिट (योग्यताक्रम) का आधारमा आफूले रोजेको क्याम्पस तथा विभागमा जान पाउँछन् ।

❖ बाँकी अन्तिम पृष्ठमा

# लिट्मसद्वारा पहिलो पटक XLPE कभर्ड कन्डक्टर उत्पादन

झापा(प्रस) । नेपालको केबल, तार तथा कन्डक्टर उत्पादनमा अग्रणी लिट्मस इन्डस्ट्रीजले नेपालमै पहिलो पटक मिडियम भोल्टेज XLPE कभर्ड कन्डक्टर उत्पादन गरेर एक ऐतिहासिक उपलब्धि हासिल गरेको छ। २० हजार किलोमिटर वार्षिक उत्पादन क्षमता भएको यस प्रविधिले अब आयातमा निर्भरता कम गर्दै, ऊर्जा आत्मनिर्भरता प्रवर्द्धन गर्ने र उच्च कार्यक्षमताका भरपर्दा पावर ट्रान्समिसन संरचनाहरूको मागलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ। उच्च गुणस्तर र टिकाउपनाका सर्वोच्च मापदण्ड पूरा गर्न डिजाइन गरिएका यी कन्डक्टरहरू EN 50397 र IS 398 – VI अन्तर्गत प्रमाणित छन्। एडभान्स्ड जर्मन प्रविधिको प्रयोगमा आधारित निर्माण प्रक्रियामा उत्कृष्ट इन्सुलेशनका लागि ट्रिपल-लेयर एक्स्ट्रुसन, उच्च-गुणस्तरको क्रस-लिङ्किङका लागि डीप-वाटर क्युरिङ र स्पार्क परीक्षण तथा

LITMUS
CABLES
QUALITY मा NO. 1

एन्टि-ट्र्याकिङ परीक्षणजस्ता उत्कृष्ट गुणस्तर परीक्षणहरू समावेश छन्। यसले यी कन्डक्टरहरूलाई नेपालको विविध र चुनौतीपूर्ण भूभागहरूमा पनि प्रभावकारी प्रदर्शन र दीर्घकालीन संरचना सुनिश्चित गर्न पनि सक्षम बनाउँछ ।

११ केभीदेखि ३३ केभी क्षमताका यी कन्डक्टरहरू विशेष गरी जंगल क्षेत्रमा आगलागीको जोखिम घटाउने उद्देश्यले निर्माण गरिएका छन्। वातावरणीय अनुकूलताको लागि तयार पारिएका यी कन्डक्टरहरू टिकाउ र भरपर्दा छन्, जसले मर्मत खर्च कम गर्नुका साथै निरन्तर ऊर्जा आपूर्ति सुनिश्चित गर्दछ। यी उत्कृष्ट कन्डक्टरहरूले घरेलु पूर्वाधार तथा सीमा-पार बिजुली निर्यातलाई समेत प्रभावकारी बनाउने अपेक्षा गरिएको छ। मिडियम भोल्टेज XLPE कभर्ड कन्डक्टरको उत्पादनमा अग्रणी भूमिका निर्वाह गरेर, लिट्मस इन्डस्ट्रीजले नेपालको ऊर्जा पूर्वाधारलाई सुदृढ बनाउँदै देशलाई क्षेत्रीय ऊर्जा नवप्रवर्तनमा अग्रणी स्थानमा स्थापित गरेको छ। यो उपलब्धिले गुणस्तर, दिगोपन, र प्रविधिक विकासप्रतिको कम्पनीको अटल प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

लिट्मस इन्डस्ट्रीजले घरायसी तार, औद्योगिक केबल र वातावरणमैत्री हलोजन-रहित इको वायर लगायत विभिन्न उच्च गुणस्तरीय उत्पादनहरू बजारमा उपलब्ध गराउँदै आएको छ। मिडियम भोल्टेज XLPE कभर्ड कन्डक्टरको उत्पादनमार्फत, लिट्मस इन्डस्ट्रीजले, नेपालको ऊर्जा आत्मनिर्भरता र पूर्वाधार विकासलाई सुदृढ गर्न,समग्र नेपाली केबल उद्योगमै अग्रणी र नेतृत्वदायी भूमिकामा बलियो उपस्थिति देखाएको छ ।

# राष्ट्रपतिद्वारा ५ देशमा नेपाली राजदूत नियुक्त

झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेलले विभिन्न ५ देशमा राजदूत नियुक्त गरेका छन् । राष्ट्रपतिले शुक्रबार प्रकाशमणि पौडेललाई पोर्चुगल, सनिल नेपाललाई स्पेन, प्रा डा कपिलमान श्रेष्ठलाई दक्षिण अफ्रिका, सेवा लम्साललाई बेल्जियम र डा शिवमाया तुम्बाहाङफेलाई दक्षिण कोरियाका लागि आवासीय राजदूत पदमा नियुक्त गरेका हुन् ।

# कांग्रेसको भद्रपुर नगर र कचनकबल गाउँ भेला सम्पन्न

भद्रपुर(प्रस) ।नेपाली कांग्रेस भद्रपुर नगर समिति र कचनकबल गाउँ समितिको भेला शुक्रवार सम्पन्न भएको छ । नेपाली कांग्रेसले गत असोज ७ गतेदेखि आगामी पौष १६ सम्म सञ्चालन गरिरहेको विशेष अभियानअन्तरगत गाउँ/नगरस्तरीय भेला सम्पन्न भएको हो ।

भद्रपुर नगर भेलालाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस केन्द्रीय सदस्य सुशिला ढकाल आचार्यले नेपाली कांग्रेसले नेपालको राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका खेलेको चर्चा गरिन् । ब्यवस्था परिवर्तनका लागि भएका हरेक आन्दोलनमा महिलाहरुले अग्रणी भूमिका खेलेको बताउँदै उनले राजनीतिमा महिलालाई पनि पुरुषसरह भूमिका दिन आग्रह गरिन् ।

कार्यक्रमका विशेष अतिथि नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले केन्द्रको निर्देशन बमोजिम विशेष सांगठनिक अभियान झापामा सफलतापूर्वक भइरहेको बताउँदै अभियान देशभर प्रभावकारी भए संगठन मजबुद हुने धारणा राखे ।

कार्यक्रमका विशेष अतिथि कांग्रेस केन्द्रीय सदस्य गोमा भट्टराई, नेपाली कांग्रेस कोशी प्रदेशसमिति सदस्य उत्तम चम्लागाई, भद्रपुर नगरपालिकाका प्रमुख एवं भद्रपुरका लागि जिल्ला प्रतिनिधि गणेश पोखरेल, महासमिति सदस्य शर्मिला अधिकारीलगायतले शुभकामना मन्तब्य राखेका थिए । नेपाली कांग्रेस भद्रपुर नगर समिति सभापति राम कँडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत पार्वती ओझा र सञ्चालन नन्द राजवंशीले गरेका थिए ।

यसैगरी नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको प्रमुख आतिथ्यमा नेपाली कांग्रेस कचनकबल गाउँ समितिको भेला सम्पन्न भएको छ । भेलामा प्रमुख अतिथि थेवे, जिल्ला सहसचिव एवं कचनकवल गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशी, जिल्ला सदस्य रुद्रमणि दाहाल, जिल्ला सदस्य एवं नेपाल महिला संघ गाउँ अध्यक्ष सेलेतुन खातुन, महाधिवेशन प्रतिनिधि सिताराम खड्का, वडा सभापतिहरुको तर्फबाट छविलाल अधिकारीलगायतले शुभकामना मन्तब्य राखेका थिए । नेपाली कांग्रेस कचनकबलका गाउँ सभापति तुलाराम अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत लालमोहन राजवंशी र सञ्चालन तिलक पौडेलले गरेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिएका छन् ।

# सरकारीसरह पारिश्रमिक दिन निजी अस्पताललाई निर्देशन




झापा(प्रस) ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै स्वास्थ्य संस्थाहरूमा कार्यरत नर्सिङलगायत स्वास्थ्यकर्मीहरूको न्यूनतम पारिश्रमिक र सेवा सुविधा सरकारी सरह दिन निर्देशन दिएको छ ।

मन्त्रालयको सचिवस्तरीय निर्णय अनुसार देशभरका प्रतिष्ठान सरकारी अस्पताल, मेडिकल कलेज र सामुदायिक निजी अस्पताललाई शुक्रबार पत्र लेख्दै मन्त्रालयले स्वास्थ्यकर्मीको सेवा सुविधा व्यवस्था गर्न भनेको हो ।

मन्त्रालयले तोकिएको समयभन्दा बढी काम लगाएमा अतिरिक्त भत्ताको व्यवस्था गर्न निर्देशन दिएको छ। पाँच बुँदे निर्देशन दिँदै मन्त्रालयले स्वास्थ्य तथा शैक्षिक संस्थाले करार (नियुक्ति सम्झौता) गरी राख्नुपर्ने, ज्यालादारीमा कार्य गराउन नपाइने, सक्कल शैक्षिक लब्धाङ्क पत्रहरू कार्यालयले राख्न नपाइने भनेको छ ।

# प्राधिकरणले भुक्तानी रोक्न नपाउने

झापा(प्रस) । डेडिकेटेड र ट्रंक लाइनको महसुल विवादमा नेपाल विद्युत् प्राधिकरणले विवादमा रहेका उद्यमीका ऊर्जा आयोजनाको विद्युत्को रकम भुक्तानी रोक्न नपाउने भएको छ ।

उच्च अदालत पाटनले असम्बन्धित कम्पनीहरूको भुक्तानी नरोक्न नेपाल विद्युत् प्राधिकरणको नाममा अन्तरिम आदेश जारी गरेको हो । गोल्यान ग्रुप अन्तर्गतको पियोर इनर्जीले प्राधिकरणलाई बेचेको विद्युत्को भुक्तानी नरोक्न भन्दै उच्च अदालत पाटनमा मुद्दा दायर गरेको थियो ।

न्यायाधीश नारायणप्रसाद रेग्मीको इजलासले पियोर इनर्जी लिमिटेडले विद्युत् बिक्रीबापतको रकमको भुक्तानी नरोक्न भनी अन्तरिम आदेश दिएको हो । गोल्यान ग्रुपकै लगानी रहेको रिलायन्स स्पिनिङ मिल्सले डेडिकेटेड र ट्रंक लाइन विवादमा करिब ७५ करोड रुपियाँ नेपाल विद्युत् प्राधिकरणले पाउनुपर्ने जिकिर गर्दै आएको छ ।

विगतमा प्राधिकरणले महसुल असुलीका लागि पटक पटक विद्युत्को लाइन काट्ने र जोड्ने गरेकामा पछिल्लो पटक सरकारले नै निर्णय गरेर लाइन नकाट्न निर्देशन दिएको थियो । सोही अनुसार प्राधिकरणले विवादमा जोडिएका उद्योगी संलग्न रहेका विद्युत् आयोजनाको विद्युत् खरिदबापतको रकम रोक्ने बताएको थियो । यसै अनुसार पियोर इनर्जीसहितका केही कम्पनीलाई मंसिर १२ गते प्राधिकरणले पत्राचार गरेको थियो । त्यसपछि पियोर इनर्जी अदालत गएको थियो ।




डेडिकेटेड र ट्रंक लाइनको विवादमा जोडिएका कतिपय उद्योगीले जलविद्युत् आयोजनामा पनि लगानी गरेका छन् । विद्युत् प्राधिकरणले ती उद्योगी आबद्ध कम्पनीको बक्यौता रकम कटौती गरेर ती जलविद्युत् आयोजनाको रकम भुक्तानी गर्ने घोषणा गरेको थियो ।

उच्च अदालत पाटनका न्यायाधीश नारायणप्रसाद रेग्मीको इजलासले कम्पनीका सेयरधनी र कम्पनीको छुट्टै व्यक्तित्व हुने अनि शेयरधनीको दायित्व शेयरको हदसम्म मात्र सीमित हुने जनाएको छ ।

# चार प्रदेशका प्रहरी प्रमुख फेरिए

झापा(प्रस) । सरकारले विभिन्न चारवटा प्रदेशका प्रहरी प्रमुख फेरबदल गरेको छ। गृहमन्त्रीस्तरको निर्णयले नेपाल प्रहरीका चार प्रदेश प्रमुख हेरफेर भएका हुन्।

कोशी, मधेस र गण्डकी र कर्णाली प्रदेशका प्रहरी प्रमुख फेरिएका हुन्। नेपाल प्रहरीको प्रवक्ताको भूमिकामा रहेका दानबहादुर कार्कीलाई सरुवा गरेर प्रहरी प्रवक्ताको भूमिकामा कुवेर कडायतलाई ल्याइएको छ। कार्कीले अब लुम्बिनी प्रदेशको प्रहरी प्रमुखको भूमिका निभाउनेछन्। डीआइजी राजन अधिकारीलाई कोशी प्रदेश प्रहरीको जिम्मा दिइएको छ। उनी यसअघि राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जमा कार्यरत थिए। यसअघि कोशीको प्रदेश प्रहरी प्रमुख चन्द्रकुवेर खापुङलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरोमा सरुवा गरिएको छ।

# चिकित्सा स्नातकोत्तरलाई विदेशमा मान्यता दिलाउन पहल

झापा(प्रस) ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपालको चिकित्सा शिक्षालाई विदेशमा आपसी मान्यता प्रदान गर्न पहल थालेको छ ।

नेपालमा स्नातकोत्तर गरे



भारत तथा अन्य राष्ट्रहरुमा सो सरहको मान्यता नपाउँदा नेपालका चिकित्सा विद्यार्थी मारमा परेका छन् । स्वास्थ्य मन्त्रालयले यस्तो समस्या अन्त्य गर्न तथा पूर्ण शुल्कमा विदेशी विद्यार्थी नेपालमा अध्ययन गर्न आउने वातावरण बनाउन उक्त पहल थालेको हो ।

गत महिना इन्डोनेसियामा आयोजित एक कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई त्यहाँका स्वास्थ्यमन्त्रीले स्नातकोत्तर शिक्षा प्रदान गर्नका लागि आग्रह गरेका थिए ।

त्यसपश्चात् मन्त्रालयले काम अघि बढाएको हो । माल्दिभ्सलगायत सार्क देशका विद्यार्थीलाई चिकित्सा शिक्षाको आपसी मान्यता प्रक्रिया सहज बनाउन सहजीकरण र कोटा व्यवस्थापनका उपाय खोज्न मन्त्रालयले नेपाल मेडिकल काउन्सिललाई ३० दिनभित्र प्रारम्भिक प्रतिवेदन बुझाउन आग्रह गरेको छ ।

उक्त प्रतिवेदनमा आवश्यक उपाय सुझाउन मन्त्रालयअर्न्तगतको नीति योजना तथा अनुगमन महाशाखाले काउन्सिललाई पत्राचार गरेको प्रवक्ता डा प्रकाश बुढाथोकीले बताए ।

हाल भारतलगायतका मुलुकमा स्नातकोत्तर अध्ययन गरेकाले नेपालमा सहजै अभ्यास गर्न पाए पनि नेपालमा अध्ययन गरेकाले आपसी मान्यता प्राप्त नहुँदा कठिनाइ भइरहेको छ । आपसी मान्यता पाउने गरी सार्कस्तरमा पहल गर्न सकिएमा नेपालमा विदेशी विद्यार्थीको आकर्षण बढाउन सकिने विश्वास लिइएको छ ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** आज निर्णय कार्यान्वयन हुन गारो होला । स्वास्थ्यमा समस्या आउन सक्छ ।

**वृष** जोशजाँगर र आत्मबलमा कमी आउनेछ ।वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।